जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

मार्गानुगामी

राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८१०५३५५००
इमेल : *mgnd2070@gmail.com*

बर्ष: १३, अंक: १४२ पृष्ठ: ४ **२०८३ असोज ०९ शुक्रबार** (Friday 25 Sept. 2026) **मूल्य रु. ५।-** *इमेल :* mgnd2070@gmail.com

अब एफएम रेडियो तथा टेलिभिजनको दर्ता र नविकरण प्रदेशमै हुने



जनकपुरधाम, ८ असोज। मधेस प्रदेश क्षेत्र भित्र संचालनमा रहेका एफएम रेडियो तथा टेलिभिजनको फायलहरु आज सुचना तथा प्रशारण बिभागले आमसञ्चार प्राधिकरण मधेस प्रदेश लाई हस्तान्तरण गरेको छ। सुचना तथा प्रशारण बिभागको काठमाडौंस्थित कार्यालयमा विभागका महानिर्देशक अनुप दहालले प्राधिकरण अध्यक्षका जितेन्द्र खडगालाई हस्तान्तरण गरेका हुन्।

फायल बुझे पछि अध्यक्ष खड्गाले भने, 'मधेस प्रदेशका एफएम तथा टिभि सञ्चालकहरुका लागि खुसीको कुरा हो। नविकरण लगायतका समान्य कामका लाग राजधानी काठमाडौं धाउनु पर्ने बाध्यता समाप्त भयो। एफएम रेडियोको दर्ता तथा नवीकरण अब प्राधिकरण कार्यालय जनकपुरमै हुने भयो।'

'नेपालको संविधान तथा मधेस प्रदेश सञ्चार ऐन रेडियो टिभिको दर्ता नविकररण प्रदेसमै हुने ब्यवस्था छ। तर, सरकारि लापारवहीका कारण बिगत सात बर्ष देखि केन्द्र शासित सुचना बिभागबाट उक्त फायलहरु ल्याउने प्रयास नै भएन,' अध्यक्ष खड्गाले भने, 'जस कारण सञ्चार संस्था सञ्चालकहरुले पाउनु पर्ने सुबिधाबाट बञ्चित रहयो भने, अर्को तर्फ मधेस सरकारले बर्षेनी करोड भन्दा बढी राजश्व गुमाउदै आएको थियो।'

उनले मैले जिम्मेवारी सम्हालेकै दिनदेखि निरन्तर प्रयास गरेर यस प्रकरणमा रहेको थोरै कानुनी जटिलता समाधान गरेको बताए। यस कार्यका लागि मधेस सरकारका गृह सञ्चार तथा कानुन मन्त्री फकिरा महतो र ततकालिन गृह सचिव गणेश नायकको सहयोगले रेडियो टेलिभिजनको फायल प्राधिकरणमा ल्याउन सफल भएको अध्यक्ष खड्गाले बताए।

उनले हेर्दा समान्य लाग्न सक्छ तर, रेडियो टेलिभिजनको फायल प्राधिकरणमा ल्याउनु मधेस सरकारको ठुलो उपलब्धि भएको बताए। 'यसले संविधान प्रदत अधिकार प्राप्त गर्न सकेका छौ,'

–बाँकी दुई पेजमा

पूर्वराष्ट्रपति भण्डारी एमाले वरिष्ठ नेता मनोनीत



काठमाडौं, ८ असोज। पूर्वराष्ट्रपति विद्यादेवी भण्डारी एमाले वरिष्ठ नेता मनोनीत भएकी छन्। एमाले केन्द्रीय कमिटीको तेस्रो बैठकले पूर्वराष्ट्रपति भण्डारीलाई वरिष्ठ नेताको जिम्मेवारी प्रदान गरेको हो। यस्तै, बैठकले १० प्रतिशत सदस्य कोटामा २१ जनालाई केन्द्रीय सदस्यमा मनोनयन प्रस्ताव गरेको छ। सचिवालय बैठकमा अध्यक्ष केपी ओलीले प्रस्ताव गरेका नाम केन्द्रीय कमिटीमा प्रस्ताव भएको हो। यीबाहेक थप केही नेताहरुको नाम केन्द्रीय कमिटीबाट अनुमोदन

–बाँकी दुई पेजमा

कुटीको जग्गाबाट उठिबास गराउन खोजिएको भन्दै जनकपुरधाममा बसोबासीहरूले प्रदर्शन गर्ने

काठमाडौं, ८ असोज। जनकपुरधामस्थित गुठी तथा कुटीको जग्गामा लामो समयदेखि बसोबास गर्दै आएका परिवारहरूले आफूहरूलाई विस्थापित गर्न खोजिएको भन्दै विरोध प्रदर्शन गर्ने भएका छन्। 'गुठी कुटी घर जग्गा व्यवस्थापन महासंघर्ष समिति' को आयोजनामा शुक्रबार जनकपुरधाममा प्रदर्शन गरी सरकारको पछिल्लो कदमको विरोध तथा अधिकार सुनिश्चितताको माग गर्न लागिएको हो।

जनकपुरधाम उपमहा नगरपालिकाका २५ वटै वडामा गुठी र कुटीको जग्गामा बसोबास गर्दै आएका सयौं परिवार सरकारी नीतिका कारण विस्थापित हुने डरमा रहेको समितिका अध्यक्ष सन्तोष साहले बताए। पुस्तौंदेखि बसोबास गर्दै आएका स्थानीयलाई पछिल्लो समय प्रशासनले प्रक्रियागत झन्झट देखाउँदै उठीबास गराउन खोजेको

–बाँकी दुई पेजमा



GUPTA BROTHER'S AUTO TRADE
Mirchaiya, 033-550744 | 9801552812

बिल लिने र दिने बानी बसालौं

- बिल-बीजक उपभोक्ता अधिकारको सुरक्षा हो,
- प्रत्येक खरिद, बिक्रीमा बिल-बिजकलाई खरिदको प्रमाणका रूपमा सुरक्षित राखौं,
- म्याद नाघेका, गुणस्तरहीन वा लेबल नभएका वस्तु खरिद, बिक्री नगरौं,
- वस्तु तथा सेवाको मूल्य, गुणस्तर, परिमाण र उत्पादन मिति जाँच गरेर मात्र खरिद गरौं,
- अनुचित मूल्यवृद्धि, ठगी वा कालोबजारी भएमा सम्बन्धित निकायमा जानकारी गराऔं,
- जिम्मेवार उपभोक्ता र इमानदार व्यवसायी मिलेर स्वच्छ बजार निर्माण गरौं।

सचेत उपभोक्ता बनौं, स्वच्छ र पारदर्शी बजार निर्माणमा सहयोग गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

सम्पादकीय

अब बहाना होइन, सञ्चालन चाहिन्छ

मधेशको पूर्व–पश्चिम आवागमन र आर्थिक गतिविधिको महत्वपूर्ण आधार मानिएको हुलाकी राजमार्गअन्तर्गत सिरहा र धनुषा जोड्ने कमला पुल निर्माणको काम अन्तिम चरणमा पुग्नु लामो समयदेखि प्रतीक्षामा रहेका नागरिकका लागि आशाको विषय हो। करिब १५ वर्षदेखि रुग्ण अवस्थामा रहेको पुल आगामी मङ्सिरदेखि सञ्चालनमा ल्याउने गरी काम अघि बढेको भनिएको छ। यसपटक पनि आश्वासनमा सीमित नभई निर्धारित समयमै पुल सञ्चालनमा आउनु आवश्यक छ।

कमला पुल केवल एउटा भौतिक संरचना होइन, मधेशका दुई जिल्ला र हजारौँ नागरिकको दैनिक जीवनसँग जोडिएको महत्वपूर्ण पूर्वाधार हो। पुल सञ्चालनमा नहुँदा सिरहा, धनुषा तथा आसपासका जिल्लाका नागरिकले लामो दूरीको वैकल्पिक बाटो प्रयोग गर्नुपर्ने बाध्यता छ। यसले यात्राको समय र खर्च बढाउनुका साथै स्थानीय व्यापार, कृषि उत्पादनको ढुवानी, रोजगारी तथा समग्र आर्थिक गतिविधिमा समेत प्रत्यक्ष असर पार्दै आएको छ। त्यसैले पुलको निर्माण पूरा हुनु क्षेत्रीय विकासका दृष्टिले महत्वपूर्ण उपलब्धि हुनेछ।

तर कमला पुलको कथा उत्साहभन्दा बढी सरकारी कार्यशैलीमाथिको प्रश्नसँग जोडिएको छ। २०६८ सालमा ठेक्का सम्झौता भएको आयोजना २०७८ साल असारमा सञ्चालनको तयारी भइरहेका बेला पिलर भाँचिएपछि पुनः रुग्ण बन्न पुग्यो। त्यसपछि समस्या समाधानका लागि विभिन्न तहका राजनीतिक नेतृत्व तथा सरकारी अधिकारीबाट पटकपटक स्थलगत निरीक्षण भए। आश्वासन पनि आए। तर वर्षौंसम्म निर्माण कार्यले अपेक्षित गति लिन सकेन। यसले विकास आयोजना निर्माणमा देखिने ढिलासुस्ती, जिम्मेवारी पन्छाउने प्रवृत्ति र कमजोर जवाफदेहिताको समस्या उजागर गरेको छ।

अहिले मन्त्रालयको पहलपछि भाँचिएको दश नम्बरको पिलर उठाउने, सबस्ट्रक्चर ढलान तथा तीनवटा पिलरको सबलीकरण सम्पन्न भएको बताइएको छ। सुपर स्ट्रक्चरको स्ल्याबमाथि ढलान र धनुषातर्फको पहुँच सडक मर्मतको काम बाँकी रहेको जनाइएको छ। लोड परीक्षणसमेत सम्पन्न भइसकेको अवस्थामा बाँकी कामलाई प्राविधिक मापदण्ड र गुणस्तरमा कुनै सम्झौता नगरी समयमै पूरा गर्नुपर्छ। विगतको कमजोरी दोहोरिन नदिन निर्माणको गुणस्तरमा विशेष निगरानी आवश्यक छ।

पुल निर्माणसँगै कमला नदी नियन्त्रणको काम अघि बढाइनु पनि सकारात्मक पक्ष हो। नदी नियन्त्रणका लागि बजेट सुनिश्चित हुनु र ठेक्का प्रक्रियासमेत अघि बढ्नुले पुलको दीर्घकालीन सुरक्षाप्रति ध्यान दिन खोजिएको देखिन्छ। पुल बनाएर मात्र पुग्दैन, नदीको कटान, बाढी र संरचनामाथि पर्न सक्ने जोखिमलाई समेत सम्बोधन गर्नुपर्छ। पुल र पहुँच सडक दिगो बनाउन नदी नियन्त्रण, तटबन्ध तथा जलप्रवाह व्यवस्थापनलाई पनि प्राथमिकतामा राखिनुपर्छ।

यद्यपि अब मुख्य प्रश्न निर्माण कार्य कहिले सकिन्छ भन्ने मात्र होइन, त्यसपछि पुल कति सुरक्षित र दिगो रूपमा सञ्चालन हुन्छ भन्ने हो। विगतमा उद्घाटनको तयारीसम्म पुगेको संरचना नै क्षतिग्रस्त भएकाले यसपटक हतारमा उद्घाटन गर्नेभन्दा आवश्यक प्राविधिक परीक्षण, सुरक्षा परीक्षण र गुणस्तर प्रमाणीकरण पूरा गरेर मात्र सञ्चालनमा ल्याउनुपर्छ। जनताको दशकौँको प्रतीक्षालाई अर्को दुर्घटनामा परिणत हुन दिनु हुँदैन।

कमला पुलको काम अघि बढ्नुमा राजनीतिक तथा प्रशासनिक तहबाट भएको पछिल्लो पहललाई परिणाममुखी बनाउनु आवश्यक छ। सांसद, मन्त्रालय, निर्माण कम्पनी र सम्बन्धित प्राविधिक निकायबीचको समन्वय निरन्तर रहनुपर्छ। तोकिएको मङ्सिरभित्र पुल सञ्चालनमा ल्याउने प्रतिबद्धता सार्वजनिक भइसकेकाले अब त्यसको कार्यान्वयन नै सबैभन्दा ठूलो परीक्षा हो।

मधेशले विकासका नाममा वर्षौंसम्म अधुरा आयोजना, भत्किएका सडक र अलपत्र पुलको पीडा भोग्दै आएको छ। कमला पुलको पुनर्निर्माणले त्यो प्रवृत्तिमा परिवर्तनको सन्देश दिन सक्नुपर्छ। पुल सञ्चालनमा आएपछि मात्र नागरिकले यसको वास्तविक लाभ पाउनेछन्। त्यसैले अब कमला पुलका लागि अर्को आश्वासन होइन, समयमै निर्माण सम्पन्न, गुणस्तरीय परीक्षण र सुरक्षित सञ्चालन आवश्यक छ। दशकौँको प्रतीक्षापछि कमला पुललाई फेरि राजनीतिक भाषणको विषय होइन, जनताको निर्बाध आवागमनको माध्यम बनाइनुपर्छ।

बाढीको पूर्वसूचना : नेपालले के सिक्यो, के सिक्न बाँकी छ ?

लक्ष्मण लामा

लाङटाङ लिरुङको माथिबाट खसेको चट्टान र हिउँका कारण गत अगस्ट २६ मा आएको बाढीले नेपालमा १,४०० भन्दा बढी मानिसको ज्यान लिएको छ, ६,००० भन्दा बढी बेपत्ता छन् र करिब २.६ अर्ब डलर बराबरको क्षति पुऱ्याएको अनुमान गरिएको छ। खोजी कार्य जारी रहँदा यी तथ्याङ्कहरू थप परिवर्तन हुन सक्छन्। बाढीको भग्नावशेष प्रतिघण्टा १९० किलोमिटरको गतिमा बगेको थियो। सो बिहान नेपालको विद्यमान चेतावनी प्रणाली, स्याटेलाइट कभरेज र अन्तर्राष्ट्रिय सहयोगमा के–कस्ता सीमितता थिए, ती तल विस्तारमा दिइएका छन्। प्रधानमन्त्री बालेन्द्र शाहले सेप्टेम्बर २४ मा संयुक्त राष्ट्रसंघको महासभालाई सम्बोधन गर्ने कार्यक्रम छ ।

अगस्ट २६ को बिहान

नेपाल–तिब्बत सीमा नजिक रहेको एक सेन्सरले रातभरि नै दश–दश मिनेटको अन्तरालमा बाढीसम्बन्धी तथ्याङ्क पठाएको थियो। तर, बिहान ८:३७ बजेको पहिरो गएको १३ मिनेटपछि ८:५० बजे आउनुपर्ने तथ्याङ्क कहिल्यै आएन। जल तथा मौसम विज्ञान विभागले बिहान ९:१५ बजे बाढीको पुष्टि गर्दै सार्वजनिक चेतावनी जारी गऱ्यो। एक मिनेटभित्रै ६,७९,००० मोबाइल फोनमा उक्त चेतावनी पुग्यो। तर, त्यसको तल्लो तटीय क्षेत्रमा कुनै व्यावहारिक प्रभाव परेन, किनकि बाढीले बाटोमा पर्ने ती गेज स्टेसनहरूलाई ध्वस्त पारिसकेको थियो जसले चेतावनीलाई अगाडि बढाउने थिए।

सूचीभन्दा बाहिरको खतरा

वैज्ञानिकहरू अझै पनि बाढीको वास्तविक कारण पत्ता लगाउँदै छन्। तर यो जे भए तापनि, यो कुनै पनि अवस्थित जोखिम सूचीमा थिएन। जल तथा मौसम विज्ञान विभागले घटनापछि मात्र तिब्बतको सीमापारि रहेको क्षेत्रको स्याटेलाइट तस्बिर प्रयोग गरेर यसको स्रोत पत्ता लगाएको हो। यस्तै ढाँचा नेपालको २०२४ को थामे बाढी र सिक्किमको २०२३ को दक्षिण ल्होनाक प्रकोपमा पनि देखिएको थियो। दुवै घटनाहरू कुनै सूचीमा नभएका तालहरूबाट सुरु भएका थिए। यसले के देखाउँछ भने, हिमनदीसँग सम्बन्धित भौगोलिक विशेषताहरू जति छिटो परिवर्तन हुन्छन्, हाम्रो जोखिम सूचीहरूले त्यसको गति समात्न सकेका छैनन्।

अन्य देशले आफ्नो लगानीबाट के हासिल गरे?

समान जोखिम सामना गरिरहेका अन्य देशहरूले रोकथाममा प्रत्यक्ष लगानी गरेका छन्, जसको नतिजा पनि देखिएको छ। बंगलादेश यसको सबैभन्दा स्पष्ट उदाहरण हो। सन् १९७० को भोला चक्रवात, जसले ३ देखि ५ लाख मानिसको ज्यान लिएको थियो, त्यसपछिका ५० वर्षसम्म बंगलादेशले चरम गरिबीको अवस्थाबाट माथि उठ्दै १२,००० भन्दा बढी चक्रवात आश्रयस्थल बनायो र ५५,००० भन्दा बढी स्वयंसेवकहरूलाई तालिम दियो।

फलस्वरूप, सन् २०२० मा उस्तै तीव्र गतिको 'अम्फान' चक्रवात आउँदा बंगलादेशले २४ लाख मानिसलाई सुरक्षित स्थानमा स्थानान्तरण गर्न सफल भयो र मृत्यु हुनेको संख्या २६ मा सीमित रह्यो। भुटानले पनि सानो स्तरमा यही नीति अपनाएको छ: १० लाखभन्दा कम जनसंख्याका लागि बनेका उनका दुईवटा बाढी चेतावनी नेटवर्कहरू ७५ लाख डलरको लागतमा निर्माण भएका थिए, जसलाई मुख्यतया 'ग्लोबल इन्भायरन्मेन्ट फ्यासिलिटी' ले सहयोग गरेको थियो। नेपालले यी दुवै क्षेत्रमा त्यस्तो तुलनात्मक लगानी गर्न सकेको छैन।

नेपालका स्याटेलाइटहरू

नेपालले दुई पटक आफ्नै स्याटेलाइट निर्माण गर्ने प्रयास गरेको छ, जुन प्रयास अन्य समान आयस्तर भएका देशहरूले पनि गरेका छन्। एउटा नेपाली स्याटेलाइटको क्षमता बाढी–म्यापिङका लागि उपयुक्त थिएन, अर्को सन् २०२६ को जनवरीमा लन्च गर्ने त्रुममा असफल भयो। यसको विपरीत, यसपटकको बाढीको नक्सांकन गर्ने तस्बिरहरू अन्य देशका स्याटेलाइटहरूले केही दिनभित्रै निःशुल्क उपलब्ध गराएका थिए।

यस्ता तस्बिरहरूको मुख्य उद्देश्य कुन–कुन तालमा निगरानी आवश्यक छ भनी पहिचान गर्नु हो, जसको संख्या नेपालमा अहिले २१ छा कुनै ताल कहिले फुट्छ भनेर निश्चित घण्टा पत्ता लगाउनु एक छुट्टै कार्य हो, जुन जोखिम नजिक राखिएका र सामुदायिक चेतावनी प्रणालीसँग जोडिएका ग्राउन्ड सेन्सरहरूद्वारा गरिन्छ। यो स्याटेलाइटको तुलनामा निकै सस्तो पर्छ। उदाहरणका लागि, नेपालको रातु नदीमा रहेको क्स्क्ष्ःइम् को प्रणालीले ६४,००० मानिसलाई करिब तीन घण्टा अघि नै चेतावनी दिने गर्दछ।

नेपालले के पाइरहेको छ?

नेपालले प्रकोपको स्याटेलाइट म्यापिङ निःशुल्क पाइरहेको छ, यद्यपि यो नेपालको आफ्नै व्यवस्था भने होइन। यो बाढीको सूचना दिन प्रयोग भएका दुई च्यानलमध्ये 'कोपरनिकस' को आपतकालीन व्यवस्थापन सेवा, जसले केही दिनमै बाढीको दायरा नक्सांकन गऱ्यो, त्यो केवल युरोपेली संघ र त्यसका सदस्यहरूका लागि मात्र सीमित छ। नेपाल त्यसको सदस्य होइन। अर्को च्यानल 'इन्टरनेसनल चार्टर स्पेस एण्ड मेजर डिजास्टर्स' ले एसियन डिजास्टर रिडक्सन सेन्टरमार्फत नेपालका लागि अनुरोध गर्नुपऱ्यो।

यी दुवै प्रणाली तब मात्र सक्रिय हुन्छन् जब प्रकोप घोषित भइसकेको हुन्छ, पहिले होइन। प्रकोप आउनुअघि नै जोखिमयुक्त क्षेत्रमा स्याटेलाइटलाई सक्रिय राख्ने व्यवस्था गर्न सके यो निकै प्रभावकारी हुनेछ, र यसका लागि अन्तर्राष्ट्रिय प्रणालीलाई धेरै खर्च पनि लाग्दैन, किनकि ती स्याटेलाइटहरू हिमालय माथिबाट नियमित रूपमा गइरहेकै हुन्छन्। यो संयुक्त राष्ट्रसंघको मञ्चमा राख्न सकिने एक विशिष्ट र कार्यान्वयनयोग्य प्रस्ताव हो।

आर्थिक पक्ष

विश्व बैंकको एक प्रतिवेदनअनुसार पूर्व–चेतावनी प्रणालीमा गरिएको लगानीले आफ्नो लागतको तुलनामा कैयौँ गुणा बढी प्रतिफल दिन्छ। यो २.६ अर्ब डलरको क्षतिलाई हेर्दा, लगानीको महत्व प्रस्ट हुन्छ। तर, नेपालको बजेटमा यस्तो निगरानी प्रणालीका लागि कुनै छुट्टै शीर्षक राखिएको छैन। बाढीका लागि अन्तर्राष्ट्रिय स्रोतबाट करिब २२९ मिलियन डलर र स्वदेशबाट ८६.७ मिलियन डलर सहयोग प्राप्त भएको छ, जसको अधिकांश हिस्सा उद्धार र पुनर्स्थापनामा खर्च भइरहेको छ। सन् २०१५ को भूकम्प पछि पनि यस्तै सहयोग प्राप्त भएको थियो, तर ४.१ अर्ब डलरको प्रतिबद्धतामध्ये ६ वर्षपछि करिब ४० प्रतिशत मात्र खर्च भएको थियो। थप सहयोग आउनु भन्दा पनि, प्राप्त रकमको सही बाँडफाँड कसरी हुन्छ भन्ने कुरा बढी महत्वपूर्ण छ।

प्रविधिको पछाडिका संस्थाहरू

नेपाली अनुसन्धानकर्ताहरूले 'नेपाली स्याट–१' र 'मुनाल' (जुन जनवरीमा लन्चका क्रममा असफल भयो) जस्ता परियोजनामार्फत वास्तविक प्राविधिक महत्वाकांक्षा देखाएका छन्। तर, स्याटेलाइट वा सेन्सरको तथ्याङ्कलाई प्रयोगयोग्य चेतावनीमा बदल्नका लागि निरन्तर काम गर्ने र बजेट प्राप्त संस्था आवश्यक पर्दछ।

हाल नेपालमा यो जिम्मेवारी विभिन्न निकायमा छरिएको छ। जल तथा मौसम विज्ञान विभागमा छुट्टै 'क्रायोस्फियर' (हिमनदी अध्ययन) एकाइ छैन र 'राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण' ले आफैं विश्लेषण गर्नुभन्दा अन्तबाट प्राप्त विश्लेषणमा निर्भर हुनुपर्ने अवस्था छ। यो क्षेत्रमा काम गर्ने वास्तविक संस्था ICIMOD हो, जो एक क्षेत्रीय संस्था हो, नेपाल सरकारको होइन। विश्वविद्यालय र तिनलाई सहयोग गर्ने निकायहरूले यो खाडल पुर्न सक्छन्, तर यो काम हरेक विपद्पछि कसले गर्ने भनी अल्मलिने नभई, एक स्थायी कार्यको रूपमा हुनुपर्छ।

निष्कर्ष

पहिलो, नेपालको स्याटेलाइट पहुँच पर्याप्त छ: निःशुल्क तस्बिरहरू उपलब्ध छन् र अन्तर्राष्ट्रिय निकायहरूले विपद्को केही दिनमै प्रतिक्रिया दिइरहेका छन्। दोस्रो, वास्तविक समस्या जमिनको सतहमा छ, जहाँ जोखिम नजिकै सेन्सरहरू राख्नु आवश्यक छ, ताकि एउटै बाढीले सबै प्रणाली ध्वस्त नहोस्। यो स्याटेलाइटभन्दा सस्तो प्रविधि हो। तेस्रो, नेपाल विपद्को प्रतिक्रिया दिनमा सक्षम छ, तर त्यसलाई रोक्नमा अझै तुलनात्मक रूपमा कमजोर छ। यो समस्याको समाधान एउटा उचित घरेलु निगरानी बजेट, तथ्याङ्कलाई निर्णयमा बदल्ने जिम्मेवार संस्था र राष्ट्रसंघमा स्थायी स्याटेलाइट प्राथमिकताको स्पष्ट प्रस्तावबाट सुरु हुन सक्छ। रातोपाटी

कुटीको जग्गाबाट...

आरोप साहले लगाएका छन्।

आन्दोलनको घोषित कार्यक्रमअनुसार शुक्रबार नगर क्षेत्रमा विरोध प्रदर्शन गरिनेछ। नगर परिक्रमापछि सहभागीहरूले जिल्ला प्रशासन कार्यालय धनुषामार्फत मुख्यमन्त्री र प्रधानमन्त्रीलाई सम्बोधन गर्दै ज्ञापन पत्र बुझाउने तयारी गरेका छन्।

समितिले सरकारसमक्ष मुख्य दुई वटा माग अघि सारेको छ। कुटीको जग्गामा बसोबास गर्दै आएका परिवारलाई जग्गाको रैतान नम्बरी कायम गरी स्वामित्वको अधिकार दिनुपर्ने र हालका लागि जग्गा खाली गराउने वा उठीबास गराउने कार्य तत्काल रोकेर प्रभावित परिवारको उचित बासस्थानको ग्यारेन्टी गर्नुपर्ने माग राखिएको छ।

'हामी गुठीको जग्गामा होइन, कुटीको जग्गामा बसोबास गरिरहेका छौं,' अध्यक्ष साहले भने, 'राज्यले कानुनको अपव्याख्या गरेर हाम्रा सन्तानको भविष्यमाथि खेलबाड गर्न पाउँदैन।' आफूहरूले उठाएका जायज मागहरू यथाशीघ्र सम्बोधन नगरिए आन्दोलनका कार्यक्रमहरूलाई निरन्तर जारी राख्ने चेतावनी संघर्ष समितिले दिएको छ ।

पूर्वराष्ट्रपति भण्डारी ...

हुनेछ ।

केन्द्रीय सदस्यमा मनोनीत हुनेमा देवराज घिमिरे, काशीनाथ अधिकारी, शिवमाया तुम्वाहाङ्फे, विमला घिमिरे, हरि घिमिरे, प्रेम दंगाललगायत छन्। केन्द्रीय कमिटी बैठकले ईश्वर पोखरेल, प्रदीप ज्ञवाली, देवराज घिमिरे, काशीनाथ अधिकारीलगायतलाई स्थायी समिति सदस्यमा मनोनयन गरेको छ।

अब एफएम रेडियो ...

उनले भने, रेडियो टिभी सञ्चालकलाई सुबिधान प्रदान गर्न सकेका छौं। यस कार्यले मधेस प्रदेश सरकारलाई राजश्व उपलब्ध गराउने कार्यालयहरु मध्ये आमसञ्चार प्राधिकरण अग्रणी स्थानमा पर्ने भएको छ। आमसञ्चार प्राधिकरणको यो ठुलो उपलब्धि हो', अध्यक्ष खड्गाले भने ।

श्री आधारभूत विद्यालय हरिपुर-जिक्कौला-३

गाउँपालिका बरियारपट्टी-५, सिरहा

मधेश प्रदेश (नेपाल)

विज्ञापन सम्बन्धमा ।

मिति : २०८३/०६/०८

प्रस्तुत विषयमा शिक्षा विकास तथा समन्वय इकाइ, सिरहाको च.नं. १३७५, मिति २०८३।०२।०५, बरियारपट्टी गाउँपालिकाको च.नं. ७५४ मिति २०८२।१२।२६ गतेको प्राप्त अनुमति पत्र र विद्यालय व्यवस्थापन समितिको मिति २०८३।०६।०५ गतेको निर्णयानुसार यस विद्यालयमा रिक्त रहेको विद्यालय सहयोगी (का.स.) पदमा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली व्यक्तिहरुबाट तपसिल बमोजिम सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र रितपूर्वक स्वः हस्तलिति निवेदनका सहित दरखास्त पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो विज्ञापन प्रकाशन गरिएको बेहोरा जानकारी गराईन्छ ।

तपसिल

क्र.सं.	विज्ञापन नं.	पद	तह/श्रेणी	माँग संख्या	न्यूनतम शैक्षिक योग्यता	नियुक्तिको किसिम
१	१/२०८३/२०८४	विद्यालय सहयोगी (का.स.)	श्रेणी विहिन	१ (एक)	कक्षा आठ उत्तीर्ण	अस्थायी करार

१. तलब स्केल : नेपाल सरकार र स्थानीय तहको अनुदान अनुसार ।
२. छनौटको किसिम : लिखित, मौखिक र प्रयोगात्मक ।
३. उमेर : १८ वर्ष पूरा भई ३५वर्ष ननाघेको ।
४. आवेदन दस्तुर : १००५/– (यस विद्यालयको प्रमुख बैंक, शाखा कार्यालय बरियारपट्टीमा रहेको खाता नं. १४७०१५०६८२२०००१५ मा बैंक दाखिला भौचर)
५. दरखास्त दिने अन्तिम मिति : २०८३।०६।२२ गते
६. दरखास्त दिने स्थान र समय : विद्यालयमा बिदाको दिन बाहेक बिहान १० बजे देखि ४ बजे सम्म ।
७. सम्पर्क मिति : २०८३।०७।११ गते
८. परीक्षा हुने मिति र स्थान : सम्पर्क मितिको दिन तोकिने छ ।
९. सम्पर्क नं. : ९८२९७१०३३९ र ९८०७७१४३५८
१०. निवेदन साथ पेश गर्नुपर्ने कागजातहः
   (क) नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपी ।
   (ख) शैक्षिक योग्यता प्रमाण पत्रहरुको प्रमाणित प्रतिलिपी ।
   (ग) हालसाल खिचिएको पासपोर्ट साइजको रंगीन फोटो २ प्रति
   (घ) दस्तुर रकम बैंक दाखिला गरेको भौचरको सक्कल प्रति ।

(जिवेश्वर यादव)
प्रधानाध्यापक

मधेश प्रदेश सरकार
स्वास्थ्य तथा जनसंख्या मन्त्रालय

राम कुमार शारडा उमा प्रसाद मुरारका प्रादेशिक अस्पताल लहान, सिरहा

चमेना गृह (क्यान्टिन) सञ्चालन

प्रथम पटक प्रकाशित मिति : २०८३/०६/०९

यस रा.उ. प्रादेशिक अस्पताल लहानको परिसरमा आउने बिरामी, कुरुवा, सेवाग्राही, स्वास्थ्यकर्मी तथा कर्मचारीहरूलाई स्वच्छ, स्वस्थ, गुणस्तरीय, सुपथ तथा सहज रूपमा खाना/खाजा उपलब्ध गराउने प्रयोजनका लागि अस्पताल परिसरमा रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक योग्य फर्म/कम्पनी/संस्थाले तपशील बमोजीम शर्तको अधिनमा रही चमेना गृह संचालनका लागि यो सूचना प्रकाशीत गरिएको छ। सूचना प्रकाशीत भएको मितिले १५) पन्ध्र (दिन भित्र ईच्छुक फर्मले कार्यालय समयमा भवन भाडाको शिलबन्दी दररेट निवेदन पेश गर्नुहुन यसै सूचनाद्वारा आह्वान गरिन्छ।

शर्तहरु

१. चमेनागृह संचालन गरिने कोठाको न्यूनत्तम भाडा दर मासिक रु.२०,०००/– (बिस हजार) मात्र बिजुली र खानेपानी सहितको कबुल गरि बढाबढमा दररेट पेश गर्नुपर्ने छ।
२. टेण्डर सम्झौता २ वर्षको लागि हुनेछ र चमेनागृह २४ सै घण्टा संचालन गर्नुपर्ने छ।
३. चमेना गृह संचालनको लागि आवश्यक रंगरोगन, कुर्सी टेबुल, भाडावर्तन लगायतको व्यवस्थापन व्यावसायकर्ताले नै व्यवस्था गर्नुपर्ने छ।
४. भवनको सरसफाइ संरक्षणको पूर्ण जिम्मेवारी व्यावसायकर्ताको हुनेछ साथै फोहोरमैलाको उचित व्यवस्थापन गरि स्वच्छ वातावरण बनाई बस्नुपर्ने छ।
५. सूर्तीजन्य पदार्थ, मादक पदार्थ तथा निषेधित बस्तु विक्री वितरण गर्न पाइने छैन।
६. व्यावसायकर्ताले यस अस्पतालको संचालन समितिवाट तोकेको मूल्यदररेटमा स्वच्छ, सफा र गुणस्तरिय चमेनागृहको सेवा उपलब्ध गराउनुपर्नेछ।
७. शिलबन्दी दररेट रु.१० को टिकट टाँस गरेको निवेदनसाथ पेश गर्नुपने फर्मको दर्ता प्रमाणपत्र, सहिछाप, संचालकको नागरिकता प्रमाणपत्र, PAN दर्ता प्रमाणपत्र, कर चुक्ताको प्रमाणपत्र समेत संलग्न गर्नुपर्ने छ।
८. दाखिल हुन आएका शिलबन्दी दररेट निवेदन नियमानुसार खोल्ने, मूल्याङ्कन गर्ने र स्वीकृत गर्ने सम्पूर्ण अधिकार रा.उ. प्रादेशिक अस्पताल लहान निहित रहनेछ।
९. शिलबन्दी निवेदनमा कबोल गरेको भाडा दररेट अङ्क र अक्षर दुवैमा प्रष्ट रुपमा लेखिएको हुनुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ। केरमेट भएको ठाउँमा दस्तखत गरेको हुनुपर्नेछ।
१०. अन्य कुरा संझौता बमोजिम हुनेछ र यदि कुनै समस्या आएमा वा नयाँ निर्णय गर्नु परेमा अस्पताल संचालन तथा व्यवस्थापन समितिको निर्णय नै अन्तिम हुनेछ।
११. सुचना सम्बन्धी थप कुराहरू बुझ्नुपरेमा कार्यालय समयभित्र रा.उ. प्रादेशिक अस्पताल लहानको अस्पताल प्रशासनबाट वा सम्पर्क फोन नं : ०३३-५६४१३६, ईमेलः-lahanhospital584@gmail.com मा सम्पर्क राख्न सकिनेछ।

पर्याप्त निद्राले धेरै रोगको जोखिम घटाउने अध्ययनको निष्कर्ष



काठमाडौं, ८ असोज। हरेक राति ६ देखि ८ घण्टाको पर्याप्त निद्राका साथै 'आरईएम' (आरईएम–र्‍यापिड आइ मुभमेन्ट) र गहिरो निद्रा लिने मानिसहरूमा दर्जनौं गम्भीर रोगहरूको जोखिम उल्लेख्य रूपमा कम हुने एक नयाँ अध्ययनले देखाएको छ। वैज्ञानिक पत्रिका 'पीएलओएस मेडिसिन' मा सेप्टेम्बर १७ मा प्रकाशित अध्ययन प्रतिवेदनअनुसार दैनिक ५ घण्टाभन्दा कम सुत्ने मानिसहरूमा भने विभिन्न रोगको उच्च जोखिम रहने पाइएको छ।

चीनको क्यापिटल मेडिकल युनिभर्सिटीका शोधकर्ता शेङझी सन र उनको टोलीले गरेको यस अध्ययनले निद्राको मात्रा र गुणस्तरले मानव स्वास्थ्यमा पार्ने प्रत्यक्ष प्रभावबारे नयाँ तथ्यहरू सार्वजनिक गरेको हो। अध्ययनका लागि अनुसन्धानकर्ताहरूले युके बायोबैंकका ९५ हजार ५ सय ५९ जना सहभागीहरूको तथ्याङ्क विश्लेषण गरेका थिए। सहभागीहरूले लगातार सात दिन र रात हातमा 'रिस्ट एक्सेलेरोमिटर' नामक उपकरण प्रयोग गरेका थिए। अनुसन्धानकर्ताहरूले 'डिप–लर्निङ एल्गोरिदम'को प्रयोग गरी निद्राका विभिन्न चरणहरू (आरईएम, गहिरो निद्रा र हल्का निद्रा), कुल निद्राको समय, निदाएपछिको ब्युँझाइ र निद्राको अनियमितताको मापन गरेका थिए। सहभागीहरूलाई सरदर ८.९ वर्षसम्म निरन्तर निगरानीमा राखिएको थियो र उनीहरूको स्वास्थ्य अभिलेखका आधारमा एक हजार भन्दा बढी रोगहरूसँग निद्राको सम्बन्ध परीक्षण गरिएको थियो।

अनुसन्धानका अनुसार आरईएम निद्राको मात्रा बढी भएका व्यक्तिहरूमा हार्ट फेल् , डिमेसिया र पार्किन्सन्स जस्ता ८३ वटा रोगको जोखिम निकै कम पाइएको छ। त्यस्तै, बढी गहिरो निद्रा लिने मानिसहरूमा टाइप–२ मधुमेह र गम्भीर डिप्रेसनसहित ७ वटा स्वास्थ्य समस्याको जोखिम कम देखिएको छ। यसको विपरीत, निद्रामा अनियमितता र निदाएपछि बारम्बार ब्युँझिने समस्या भएका व्यक्तिहरूमा एन्जाईटी र लागूपदार्थ दुर्व्यसन जस्ता मानसिक तथा शारीरिक समस्याहरूको जोखिम बढी पाइएको छ।

अध्ययनले निद्राको समय र रोगको जोखिमबीच नन– लिनियर सम्बन्ध रहेको देखाएको छ, जसअनुसार राति ६ देखि ८ घण्टा सुत्ने मानिसहरू सबैभन्दा कम जोखिमको क्षेत्रमा पर्छन्। २४ घण्टामा ५ घण्टाभन्दा कम सुत्ने मानिसहरूमा ३७ वटा विभिन्न रोगको जोखिम उच्च रहने र उनीहरू स्वास्थ्यका दृष्टिले सबैभन्दा बढी जोखिममा रहने अध्ययनले औंल्याएको छ। अध्ययनका लेखकहरूले भनेका छन्, "यी निष्कर्षहरूले मध्यम उमेर र वृद्धवयका वयस्कहरूका लागि ६ देखि ८ घण्टाको निद्रा स्वास्थ्य सुरक्षाको बलियो आधार भएको थप प्रमाण प्रस्तुत गर्दछ। ६ देखि ८ घण्टाको निद्रा कायम राख्नाले धेरै रोगहरूको जोखिम प्रभावकारी रूपमा घटाउन सकिन्छ, जसले स्वास्थ्य प्रवर्द्धन र रोकथामका उपायहरूमा नयाँ दृष्टिकोण प्रदान गर्छ।"

अनुसन्धान टोलीका अनुसार 'फेनोम–वाइड एसोसिएसन' विश्लेषणले निद्राको ढाँचा र देखापर्ने रोगहरूबीच एक सय ५६ वटा महत्त्वपूर्ण सम्बन्धहरू पहिचान गरेको छ। साथै, ८६ वटा रोगका लक्षणहरूमा निद्राको समयको प्रत्यक्ष प्रभाव देखिएको छ। जसमध्ये सबैभन्दा बढी ६९ वटा रोगमा सबैभन्दा कम जोखिम ६ देखि ८ घण्टाको निद्रामा नै केन्द्रित रहेको पाइएको छ।

चीनको राष्ट्रिय स्वास्थ्य आयोगले पछिल्लो समय निद्राको गुणस्तरलाई उच्च प्राथमिकतामा राखेको छ। सन् २०२६ को 'चाइना स्लीप हेल्थ ह्वाइट पेपर' अनुसार चिनियाँ नागरिकहरू औसत ६.९७ घण्टा सुत्ने भए पनि २३ प्रतिशत मानिसहरू अझै पनि राति ६ घण्टाभन्दा कम सुत्छन्। सोही प्रतिवेदनले २६ प्रतिशत मानिसहरूले मात्र नियमित निद्राको समय तालिका पालना गर्ने र समयसँगै निद्रामा अवरोध आउने समस्या बढ्दै गएको देखाएको थियो।

तथापि, यो एउटा अवलोकनमा आधारित (अब्जर्भेसनल) अध्ययन भएकाले निद्राको ढाँचाले नै प्रत्यक्ष रूपमा रोग उत्पन्न गराउँछ वा घटाउँछ भन्ने कुरा शतप्रतिशत प्रमाणित भने भइनसकेको अनुसन्धानकर्ताहरूले स्पष्ट पारेका छन्।

ईभी र मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु

रौतहट, ८ असोज। पूर्व–पश्चिम राजमार्गअन्तर्गत रौतहटको धनसार–जङ्गलसहिया सडकखण्डमा ईभी गाडी र मोटरसाइकल ठोक्किँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। दुर्घटनामा मोटरसाइकलमा पछाडि सवार एकजना गम्भीर घाइते भएका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार मृत्यु हुनेमा फतुवा विजयपुर नगरपालिका–५, सन्तपुर दोस्तियाका २० वर्षीय सन्देश यादव रहेका छन्। घाइते हुनेमा कटहरिया नगरपालिका–८, बलुवा टोलका २० वर्षीय राजगीर यादव रहेका छन्।

प्रहरीका अनुसार बुधबार साँझ गुजरा नगरपालिका–३ स्थित धनसार गेटबाट करिब एक किलोमिटर दक्षिण कल्भर्ट नजिक दुर्घटना भएको हो। निजगढतर्फबाट आउँदै गरेको मधेश प्रदेश ०३–००१ ज ०५९५ नम्बरको ईभी र विपरीत दिशाबाट आउँदै गरेको बा ८५ प ४६२५ नम्बरको मोटरसाइकल आमनेसामने ठोक्किएका थिए। दुर्घटनामा मोटरसाइकल चालक सन्देशको हात, खुट्टा तथा शरीरका विभिन्न भागमा चोट लागेको थियो। मोटरसाइकलमा पछाडि सवार राजगीरको दाहिने हात, दुवै

–बाँकी अन्तिम पेजमा

मधेसको मुख्य धार्मिक पर्यटकीय सहर जनकपुरमा यत्रतत्र फोहरको डंगुर

प्रवीण दत्त

जनकपुरधाम, ८ असोज । मधेसको मुख्य धार्मिक पर्यटकीय सहर जनकपुरधाम फोहरको डंगुर र दुर्गन्धले कुरुप बन्दै आएको छ। जनकपुरधाम मधेस प्रदेशको राजधानीसमेत हो। जनकपुरमा दैनिक हजारौँ भक्तजन भगवान राम तथा माता जानकीको मन्दिरमा पूजा तथा दर्शनका लागि आउने गर्दछन्। यहाँ आउने पर्यटकमा भारतीयको संख्या उल्लेख्य रहने गरेको छ।

सहरका विभिन्न चोक तथा सडक किनारमा फालिएका फोहरका कारण पर्यटकहरू नाक छोपेर हिँड्न बाध्य हुने गरेका छन्। फोहरकै कारण यहाँ पर्यटक आफ्नो बसाइ लम्ब्याउन चाहँदैनन्। फोहर बढेसँगै जनकपुरमा लामखुट्टे पनि प्रशस्त पाइन्छ। सार्वजनिक स्थलमा एकछिन बस्दासमेत लामखुट्टेका कारण मानिस टिक्न सक्दैनन्। जनकपुरको मुख्य चोक जानकी चोक, अस्पताल रोड, मुरली चोक, पिडारी चोक, रामानन्द चोक, जनक चोक, भानुचोक लगायतमा फोहर थुप्रिएको देखिन्छ। भित्री सडकको अवस्था त्यो भन्दा पनि भयावह छ।

जनकपुर–१० का संजय कुमार कर्णका अनुसार जनकपुरधाममा फोहरको समस्या वर्षौं पुरानो हो। उपमहानगरपालिकाले सरसफाइका लागि आवश्यक सवारी साधनसहित कर्मचारी परिचालन गर्दै आए पनि समस्या समाधान हुन नसकेको उनले बताए। 'जबसम्म नागरिकले आफ्नो नैतिक आचरणमा सुधार ल्याउँदैनन्, तबसम्म जनकपुरबाट यो समस्या हट्नै मुस्किल छ,' उनले भने, 'फोहर जथाभावी फाल्नुहुँदैन भन्ने थाहा हुँदाहुँदै पनि मानिसले आफ्नो घरको फोहर जुनसूकै समयमा बाहिर ल्याएर फालिदिने गरेका छन्। यसरी त कहिले सफा हुन्छ र ?'

वडा कार्यालयबाट फोहर सङ्कलन गर्न ट्रयाक्टर र सफाइकर्मी दैनिक निश्चित समयमा आउने गरेको बताउँदै कर्णले फोहर उठाउन ट्रयाक्टर आएको समयमा सबैले आफ्नो घरको फोहर निकालेर दिने गरेमा सहर आफैँ सफा हुने बताए। 'ट्रयाक्टर आएको समयमा घरबाट फोहर निकालेर दिँदा हुन्छ नि,' उनले भने, 'अघिपछि आफ्नै घरको एउटा कुनामा पोका पारेर राख्ने, सडकमा जथाभावी फाल्ने नगर्दा फोहर नै हुँदैनथ्यो।' जनकपुरधामको फोहर व्यवस्थापनका लागि तीनै तहको सरकारले तत्परता देखाउनुका अतिरिक्त नागरिक पनि सचेत हुनुपर्ने कर्णको भनाइ छ।

प्रादेशिक अस्पताल अगाडि दर्जनौँको संख्यामा सधैँ ठेलामा फलफूल तथा नास्ता लगायत अन्य सामग्री बेच्नेहरूको लर्को हुन्छ। सो



बाटो हुँदै हिँडडुल गर्ने हो भने जुनसूकै बेलामा पनि फोहरको डंगुर देखिन्छ। पर्यटक तथा जनकपुर भित्रिने आगन्तुकहरूको मुख्य गन्तव्य जानकी मन्दिर यही मार्ग भएर जानुपर्छ। जानकी मन्दिर वरिपरि पनि फोहरजन्य वस्तु जहीँतहीँ फालिएको देखिन्छ।

तिनै फोहरको डंगुर छेउमा टीका, माला लगायत प्रसाद सामग्रीको व्यापार गर्दै आएका दर्जनौँको लाइन हुन्छ। उनीहरू फोहरकै छेउछाउ दिनभरि बसेर व्यापार गर्न अभ्यस्त भइसकेका छन्। जानकी चोकको सडक पेटीमा टीका, सिन्दुर, मालाको व्यापार गर्दै आएकी रिना साह भन्छिन्, '९-१० बजे व्यापार गर्न आउँदा अलिअलि सफा हुन्छ। बेलुकासम्म फेरि उस्तै फोहर थुप्रिसकेको हुन्छ। हामी त व्यापारमा ध्यान दिएर बसेका हुन्छौँ, यहाँ फोहर कसरी थुप्रिन्छ भन्ने थाहा भएन।'

उनका अनुसार स्थानीयबासीले नै जतिबेला मन लाग्यो, जता मन लाग्यो त्यतै फोहर फाल्ने गरेका छन्। जनकपुर उपमहानगरपालिकाको ट्रयाक्टरले एकाबिहानै नगरको सबै क्षेत्रबाट फोहर संकलन गर्छ। उपमहानगरले त्यसका लागि प्रत्येक वडामा ट्रयाक्टर, स्वीपर, मेस्तर उपलब्ध गराएको छ। यी सबैले बिहानै सबै फोहर संकलन गरेर लैजान्छन्, तर स्थानीयबासीले दिनभरिमा ती स्थानमा फेरि फोहर ल्याएर राखिदिने गर्छन्।

भारतको उत्तर प्रदेश राज्यको कानपुरबाट जानकी मन्दिर दर्शन गर्न पहिलो पटक जनकपुर आएका रामउदगार मिश्रले भने, 'हामीले भारतका धेरै तीर्थस्थल घुमेका छौँ। प्रायःजसो धार्मिक तीर्थस्थल सफासुग्घर नै हुने गर्छन्। यो जनकपुरमा किन यस्तो भएको होला ?' बस रिजर्भ गरेर समूहमै आएका उनीहरूले बाहबिघा मैदानमा सामुहिक खाना पकाउने क्रममा चारैतिर देखेको फोहरले अचम्ममा परेको सुनाए।

जनकपुरका ऐतिहासिक पोखरीहरूको अवस्थामा पनि योभन्दा फरक छैन। नगरको मुख्य बजार वरपरको २/४ वटा पोखरी अलि सफा देखिए पनि अधिकांश पोखरीको अवस्था दयनीय र कुरुप छ। पोखरीको चारैतिर कुनामा फोहर देखिन्छ भने पानीमाथि प्लाष्टिक, कागज, पाइपका टुक्रा, सडेगलेका झारपात देखिन्छ। यी पोखरीहरूमा वर्षको एक दिन अर्थात् छठ पर्वको अवसरमा सफाइ हुन्छ। त्यो बेला पूजा गर्न पोखरी सरसफाइ हुने गर्दछ।

जनकपुर–९, साकेतनगरका अमरेन्द्र मल्लिकले भने, 'पोखरीमा फोहरमात्रै हैन, पोखरी वरिपरि घर भएकाहरूका शौचालयको ढल नै पोखरीमा मिसाइएको छ।' उनका अनुसार पोखरी सौन्दर्यकरणको नाममा प्रदेश सरकारदेखि स्थानीय तहले लाखौँको योजना बनाउने गरेको र लगानीसमेत हुने गरे पनि त्यसको उपयोगिता देखिएको छैन। जनकपुरधाम घुमेर जानेहरूको सामाजिक सञ्जालहरूमा प्रतिक्रिया हेर्ने हो भने अधिकांशले जनकपुरको फोहरकै विषयमा आफ्ना विचार राखेको देखिन्छ। उनीहरू यस्तो हुनुमा स्थानीय तह, प्रशासन लगायतलाई मुख्य जिम्मेवार ठान्छन्।

सहरलाई सफासुग्घर राख्न जनकपुर उपमहानगरपालिका नै उदासीन रहेको स्थानीयबासी बताउँछन्। नागरिक आफैँ सचेत नभएका कारण पनि फोहरको समस्या समाधान हुन नसकेको उनीहरूको भनाइ छ।

'लम्पी स्किन' सङ्क्रमण डेढ सयभन्दा बढी चौपाया मरे



रवीन्द्र उप्रेती

बर्दीबास, ८ असोज। मधेश प्रदेशमा चौपायामा लाग्ने 'लम्पी स्किन' रोगको सङ्क्रमण तीव्र रूपमा फैलिएको छ। गत जेठमा फाट्टफुट्ट देखा परेको यो रोगको समयमै खोप, उपचार तथा नियन्त्रण प्रभावकारी नहुँदा प्रदेशका आठ जिल्ला प्रभावित बनेका छन्। पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय मधेश प्रदेशका अनुसार 'लम्पी स्किन' बाट गाईगोरु र बाच्छाबाच्छी गरी १७५ चौपाया मरिसकेका छन् भने १० हजारभन्दा बढी चौपाया थलिएका छन्। माग अनुसार खोपको आपूर्ति हुन नसक्दा सङ्क्रमित चौपायाको संख्या बढ्न सक्ने जनाइएको छ।

निर्देशनालयका अनुसार 'लम्पी स्किन' बाट सबैभन्दा बढी सिराहामा १४४ चौपाया मरेका छन्। महोत्तरीमा ३१, रौतहटमा १२, सप्तरीमा १०, सर्लाहीमा पाँच र धनुषामा चार चौपाया मरेका हुन्। बारा र पर्सा जिल्लामा सङ्क्रमणबाट मरेका चौपायाको विवरण सङ्कलन भइरहेको निर्देशनालयले जनाएको छ। निर्देशनालयका वरिष्ठ पशु विकास अधिकृत डा. राजकुमार साहका अनुसार प्रदेशका आठ जिल्लामध्ये सप्तरीमा यसको सङ्क्रमण उच्च छ। जिल्लागत रूपमा सिराहा, धनुषा, महोत्तरी र रौतहटमा बढी प्रकोप देखिएको छ।

डा. साहले भन्नुभयो, "प्रदेशका आठ वटै जिल्लास्थित भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ कार्यालयबाट निर्देशनालयलाई प्राप्त पछिल्लो विवरण अनुसार सप्तरीमा पाँच हजार ९५७, सिराहामा एक हजार दुई सय, धनुषामा आठ सय, महोत्तरीमा ७४०, सर्लाहीमा चार सय र पर्सामा ४५ गरी 'लम्पी स्किन' बाट १० हजारभन्दा बढी चौपाया थलिएका छन्।"

जनकपुरस्थित क्षेत्रीय रोग अन्वेषण प्रयोगशालाले आवश्यक मात्रामा खोप उपलब्ध गराउन नसक्दा प्रकोप नियन्त्रणमा चुनौती थपिएको छ। भेटेरिनरी असपताल तथा पशुसेवा विज्ञ कार्यालय महोत्तरीका सूचना अधिकारी एवं वरिष्ठ पशु अधिकृत विजय पाण्डेले महोत्तरीका १५ वटै पालिका सङ्क्रमणको चपेटामा परेको जानकारी दिनुभयो। उहाँका अनुसार नियन्त्रणका लागि महोत्तरीमा अहिले पनि ३० हजार खोप आवश्यक छ। डा. पाण्डेले भन्नुभयो, "भदौतिर जनकपुर ल्याब (प्रयोगशाला) ले उपलब्ध गराएको तीन हजार एक सय खोपले गौशाला, मनरासिसवा नगरपालिका र महोत्तरी गाउँपालिकाका लागि मात्र पुग्यो। खोप अभावले बाँकी १२ वटा स्थानीय तहमा प्रभावकारी नियन्त्रण अभियान चलाउन सकिएको छैन।"

नयाँ आर्थिक वर्ष सुरु भएको तेस्रो महिना लागिसक्दा पनि कार्यालयका खाता खोल्ने र लगत्तै रोक्का गर्ने प्रदेश सरकारको अस्थिर प्रवृत्तिका कारण बजेट परिचालनमा समस्या हुँदा नियन्त्रण अभियान प्रभावकारी बनेको केन्द्रले जनाएका छन्। पशुविज्ञका अनुसार 'पक्स' समूहको भाइरसबाट लाग्ने 'लम्पी स्किन' बाट सङ्क्रमित चौपायामा उच्च ज्वरो आउने, अत्यधिक –याल झर्ने, आँखामा समस्या देखिने तथा नाकबाट पानी बग्ने जस्ता लक्षण देखिन्छन्। शरीरमा दुईदेखि पाँच सेन्टिमिटरसम्मका कडा गाँठा आउने, चिलाउने र पिप भरिएर फुट्ने समस्या पनि देखिएको छ। सङ्क्रमणका कारण गर्भिणी गाईमा गर्भपतन हुने, दुध उत्पादन घट्ने वा पूर्ण रूपमा बन्द हुने तथा सङ्क्रमित चौपाया अशक्त भई मर्न सक्छन्।

ईभी र मोटरसाइकल...

खुट्टा तथा शरीरका विभिन्न भागमा चोट लागेको प्रहरीले जनाएको छ।

घटनालगत्तै इलाका प्रहरी कार्यालय विजयपुरका प्रमुख इन्स्पेक्टर रादेसकुमार खत्रीको नेतृत्वमा प्रहरी टोली घटनास्थल पुगेको थियो। प्रहरीले दुवै घाइतेलाई उद्धार गरी चन्द्रपुरस्थित शिविल अस्पताल पुऱ्याएको थियो।

उपचारका क्रममा साँझ करिब ७ बजे सन्देशको मृत्यु भएको प्रहरीले जनाएको छ। सन्देशको मृत्यु भएपछि राजगीरलाई प्रारम्भिक उपचारपछि थप उपचारका लागि वीरगञ्ज पठाइएको छ।

मधेस सरकारले दियो सशस्त्र प्रहरी बललाई २० थान मोटरसाइकल



जनकपुरधाम, ८ असोज। मधेस प्रदेश सरकारले सशस्त्र प्रहरी बललाई २० थान मोटरसाइकल प्रदान गरेको छ।

प्रदेश सरकारको गृह, सञ्चार तथा कानुन मन्त्रालयले आज एक कार्यक्रमबिच उक्त मोटरसाइकल हस्तान्तरण गरेको हो। गृहमन्त्री फकिरा महतोले सशस्त्र प्रहरी बलका डीआईजी विष्णुप्रसाद भट्टलाई मोटरसाइकलको साँचो एवं कागजपत्र हस्तान्तरण गरे।

सीमा सुरक्षामा खटिँदै आएको सशस्त्र प्रहरीलाई अपराध नियन्त्रण, चोरी पैठारी रोक्न एवं विपद्पछिको उद्धारमा मद्दत होस् भनेर मोटरसाइकल हस्तान्तरण गरिएको गृहमन्त्री फकिरा महतोले बताए। उनले प्रहरीलाई आवश्यक साधनस्रोत उपलब्ध गराई सुरक्षा व्यवस्था थप प्रभावकारी बनाउने प्रदेश सरकारको नीतिअनुरूप सवारीसाधन उपलब्ध गराएको बताए।

मधेस प्रदेशका अधिकांश जिल्लाहरू भारतसँग सीमा जोडिएका कारण चोरी पैठारी, भन्सार छली एवं तस्करी हुँदै आएको छ। भारतसँग सीमा जोडिएका जिल्लाहरूमा अहिले कडाइ गरिएपछि तस्करहरूले सीमावर्ती क्षेत्रका अधिकांश ग्रामीण भेगबाट तस्करी गर्ने गरेको जनगुनासो बढेपछि प्रहरीले त्यतातिर पनि सक्रियता बढाउँदा अहिले दिनहुँ अवैध सामग्रीहरू फेला पर्ने गरेका छन्।

प्रदेशको गृह मन्त्रालयले बुधबार प्रदेशभरिका जिल्ला प्रहरी कार्यालयलाई हुने गरी ३५ थान मोटरसाइकल प्रदान गरेको थियो। मन्त्रालयका अनुसार १० थान मोटरसाइकल अझै आवश्यकता हेरेर अनुगमनपछि प्रदान गरिने जनाएको छ।

मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक :** राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक :** सत्य नारायण चौधरी, **कानुनी सल्लाहाकार**: कृष्ण प्रसाद दंगाल **कम्प्यूटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय :** गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ *e-mail :* mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)